अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मितिः २०८३।०७।२० गते।

प्रेस विज्ञप्ति

विषयः आरोपपत्र दायर गरिएको।

जिल्ला ओखलढुङ्गा, लिखु गाउँपालिका, वडा नं ९ पोकलीमा आ.व. २०७५/०७६ र २०७६/०७७ मा सामाजिक सुरक्षा भत्ता वितरणमा आर्थिक अनियमितता गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला ओखलढुङ्गा, लिखु गाँउपालिका, वडा नं ९ बाट आ.व. २०७५/०७६ र आ.व. २०७६/०७७ मा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा गराउँदा लिखु गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृतहरू ओम बहादुर दर्जी, अभय कुमार गुप्ता, निमित्त प्रमुख प्रशासकीय अधिकृत दिनानाथ चौधरी, एम.आइ.एस अपरेटर खिला वि.क र वडा नं.९ का वडा अध्यक्ष शुकविर तामाङले आफ्नो पद ओहदाको दुरूपयोग गरी आफूसमेतलाई गैरकानुनी लाभ र लिखु गाउँपालिका/सार्वजनिक संस्थालाई गैरकानुनी हानि पुऱ्याउने बदनियतले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा प्रतिवादीहरूको पूर्व सहमति तथा मतसल्लाहबमोजिम बदनियतपूर्वक निज वडा अध्यक्ष शुकविर तामाङले आफ्नो दायाँ हातको बुढी औंलाको औंठाछाप लगाई आ.व. २०७५।०७६ को पहिलो, दोस्रो र तेस्रो चौमासिक तथा आ.व. २०७६।०७७ को पहिलो, दोस्रो र तेस्रो चौमासिक गरी जम्मा औंठाछाप थान-३६० (तीन सय साठ्ठी) प्रयोग गरी जम्मा **रू.२९,१५,२००/-** (उनान्तिस लाख पन्ध्र हजार दुई सय रूपैयाँ) भुक्तानी लिए लिन लगाएको, त्यसैगरी सामाजिक सुरक्षा भत्ता वितरण भरपाईमा रहेका लाभग्राहीहरूको औंठाछापसँग मेल खाएको बाहेक पनि आ.व. २०७५/०७६ र २०७६/०७७ मा सामाजिक सुरक्षा भत्ता वितरण नामावलीमा दोहोरो नाम राखे राख्न लगाई रकम वितरण गरेको देखाएको, मृत्यु भइसकेका लाभग्राहीहरूको लगत कट्टा गर्नुपर्नेमा सो नगरी नगराई सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखाएको र आ.व. २०७५/०७६ मा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बसाईं सराई गरी अन्यत्र गइसकेका लाभग्राहीको लगत कट्टा गर्नुपर्नेमा सो नगरी नगराई सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखाई जम्मा **रू.२,५२,०००/-** (दुई लाख बाउन्न हजार रूपैयाँ) समेत गरी गलत विवरणसहितको अभिलेखको आधारमा नै पेश्की फछ्यौंट गरे गराई जम्मा **रू.३१,६७,२००/-** (एकतीस लाख सतसट्ठी हजार दुई सय रूपैयाँ) हिनामिना गरेको पुष्टि भएकोले उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरूउपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

देहायः

क्रस	नामथर पद र कार्यालय	बिगो रू.	कसुर तथा सजायको मागदाबी
१.	लिखु गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत **ओम बहादुर दर्जी**	रू.९,५३,६००/-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो नौ लाख त्रिपन्न हजार छ सय रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को

			देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन साथै सरकारी अभिलेखमा रहेको विवरण कागजात सच्याउने/सच्याउन लगाउने/थपघट गर्ने गराउने/हेरफेर गर्ने गराउने समेतको कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसुर गरेको हुँदा सोही ऐनको दफा ११ बमोजिम कैद र जरिवाना सजायसमेत हुन मागदाबी लिइएको छ।
२.	लिखु गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत **अभय कुमार गुप्ता**	रू.११,६७,२००/-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो एघार लाख सतसट्टी हजार दुई सय रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन साथै सरकारी अभिलेखमा रहेको विवरण कागजात सच्याउने/सच्याउन लगाउने/थपघट गर्ने गराउने/हेरफेर गर्ने गराउने समेतको कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसुर गरेकोले सोही ऐनको दफा ११ बमोजिम कैद र जरिवाना सजायसमेत हुन मागदाबी लिइएको छ।
३.	लिखु गाउँपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत **दिनानाथ चौधरी**	रू.७,९४,४००/-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो सात लाख चौरानब्बे हजार चार सय रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन साथै सरकारी अभिलेखमा रहेको विवरण कागजात सच्याउने/सच्याउन लगाउने/थपघट गर्ने गराउने/हेरफेर गर्ने गराउने समेतको कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसुर गरेकोले सोही ऐनको दफा ११ बमोजिम कैद र जरिवाना सजायसमेत हुन मागदाबी

			लिइएको छ।
४.	लिखु गाउँपालिका वडा नं. ९ का तत्कालीन वडा अध्यक्ष **शुकविर तामाङ**	रू.३१,६७,२००/-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो एकतीस लाख सतसट्टी हजार दुई सय रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन साथै सरकारी अभिलेखमा रहेको विवरण कागजात सच्याउने/सच्याउन लगाउने/थपघट गर्ने गराउने/हेरफेर गर्ने गराउने समेतको कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसुर गरेकोले सोही ऐनको दफा ११ बमोजिम कैद र जरिवाना सजायसमेत हुन मागदाबी लिइएको छ।
५.	लिखु गाउँपालिकाका तत्कालीन एम.आई.एस अपरेटर **खिला वि.क.**	रू.३१,६७,२००/-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो एकतीस लाख सतसट्टी हजार दुई सय रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन साथै सरकारी अभिलेखमा रहेको विवरण कागजात सच्याउने/सच्याउन लगाउने/थपघट गर्ने गराउने/हेरफेर गर्ने गराउने समेतको कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसुर गरेकोले सोही ऐनको दफा ११ बमोजिम कैद र जरिवाना सजायसमेत हुन मागदाबी लिइएको छ।

प्रवक्ता
सुरेश न्यौपाने